# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/७६ सा.प्र.म.शा.
च.नं. ४८८४

मिति २०७६/१/२२

विषय: निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०१/०८ र १० गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ४ (चार) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..........................
(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्नु हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

नगर कार्यपालिकाको २७औं बैठकका निर्णयहरु

(२०७६ बैशाख ८ र १० गते)

निर्णय नं. १

१.१ नगर कार्यपालिकाबाट यस पूर्व गठित कृषियोग्य भूमि विश्लेषण प्राविधिक समितिबाट पेश भएको प्रारम्भिक प्रतिवेदन एवं भू उपयोग नक्सा सम्बन्धमा जानकारी भयो । तत् सम्बन्धमा उक्त समितिलाई धन्यवाद ज्ञापन सहित विघटन गर्दै महानगरको दीर्घकालिन भू उपयोग नीति र वर्गीकरण तथा कृषि क्षेत्रको प्रवर्द्धनको लागि प्रोत्साहन प्याकेज (Incentive Package) को सिफारिसका लागि उक्त कार्यदलले आफुमध्येबाटै संयोजक तोक्ने गरी तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो:

१. वडा अध्यक्ष,वडा नं ९ श्री यमलाल कँडेल
२. वडा अध्यक्ष,वडा नं १४ श्री ओमप्रकाश पोखरेल
३. वडा अध्यक्ष,वडा नं १९ श्री कर्ण ब. गुरुङ
४. वडा अध्यक्ष,वडा नं २२ श्री विष्णुराज महतो
५. कार्यपालिका सदस्य श्री चक्र रुचाल

उक्त कार्यदलमा आवश्यकता अनुसार विज्ञ र सदस्य-सचिव राख्न सकिनेछ । उक्त कार्यदलले नगर प्रमुखबाट स्वीकृत कार्यशर्त बमोजिम आफ्नो कार्य संचालन गर्ने छ ।

१.२ तत्काललाई सर्वसाधारणको अत्यावश्यकीय घर बाटोको लगत कट्टा वा जग्गाको कित्ताकाट सिफारिस गर्दा निम्नानुसारका आधारहरु अपनाउने निर्णय गरियो:

क. भूउपयोग र जग्गाको वर्गीकरण सम्वन्धमा नेपाल सरकारको कानूनको पालना गर्ने । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कृषियोग्य जग्गाको खण्डीकरण सम्वन्धमा मालपोत कार्यालय, चितवनको मिति २०७५/०९/३० को पत्रको भावना अनुकूल हुने गरी लगतकट्टा गर्ने ।

ख. महानगरबाट गठित जग्गा उपयोगिता विश्लेशण प्राविधिक समितिको नक्साङ्कन सहितको प्रारम्भिक प्रतिवेदन तथा नेपाल सरकार, राष्ट्रिय भूउपयोग आयोजनाबाट तयार पारिएको भूउपयोग नक्सालाई आधार लिई कृषियोग्य जनिएको भूमिमा खण्डीकरणलाई प्रोत्साहन नहुने गरी र बसोबासस्थलमा सडक तथा भवन निर्माण मापदण्डको पालना समेत हुने गरी मात्र कार्यान्वयन गर्ने ।

ग. आवश्कता अनुसार सर्जमिन मुचुल्का समेत गरी साविकदेखि बाटो रहेको पुष्टयाई (महानगरपालिकाबाट विगतमा बाटो मानी भवन नक्सा पास भई भवन निर्माण समेत भएका, सार्वजनिक निकायबाट लगानी भई सडकहरु पीच एवं ग्राभेल भएका तथा विद्युतीकरण समेत भएका) एवं जग्गाको स्वामित्व र प्रयोजन खुलाएर मात्र सिफारिस गर्ने ।

घ. फिल्डमा बाटो भएको तर नक्सामा नभएको खण्डमा जग्गाको प्रकृति हेरी खेतियोग्य वा बसोबासयोग्य भनी यकिन गर्न सम्बन्धित वडाध्यक्ष, वडासचिव र अमिन रहेको जग्गा पहिचान



Scanned by CamScanner

तथा सिफारिस समितिले कित्ताकाट वा बाँटाको लगत कट्टा गर्ने सर्वसम्मत निर्णय गरी महानगर मार्फत मालपोत कार्यालयमा पठाउने ।

ङ. कृषियोग्य जग्गालाई खण्डीकरण गर्ने मनशायले हुनसक्ने अंशवण्डा गर्ने कार्यलाई निरुत्साहित गर्ने। यदि त्यस्ता जग्गाहरु हक हस्तान्तरण गर्न सिफारिस माग भई आएमा सो को बिक्री वितरणमा रोक लगाउने ।

च. सम्बन्धित वडाहरुले सिफारिस गरिएका कागजातहरु नियमित रुपमा अभिलेख राखी समय समयमा महानगरमा पेश गर्नुपर्नेछ । तत् सम्बन्धमा महानगरबाट आवश्यकता अनुसार अनुगमन कार्यलाई निरन्तरता दिनुपर्ने ।

निर्णय नं. २

बैठकका कार्यविधि एवं मापदण्डहरु प्राप्त सुझावहरु समेत समेटी पारित गर्ने निर्णय गरियो:

क. हाटबजार सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

ख. नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७६

ग. प्राविधिक कर्मचारीको लागि इन्धन खर्च तथा अन्य सुविधा सम्वन्धी मापदण्ड, २०७६

घ. भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कार्यविभाजन नियमावली, २०७६ (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हालै प्राप्त दरवन्दी तेरिज र संगठन संरचना समेत)

ङ. संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७६

निर्णय नं. ३

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको युवा रोजगारीका लागि प्राप्त आवेदनहरु र सम्वद्ध विषयमा संक्षिप्त जानकारी भयो ।

निर्णय नं. ४

नगर सभाको लेखा समितिको प्रारुप सम्बन्धमा आवश्यक गृहकार्य गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो । साथै महानगरको युवा तथा खेलकुद प्रवर्द्धन समिति समेत गठन प्रक्रिया शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

भरतपुर महानगरभित्र निर्माण हुने गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको सहयोगार्थ भरतपुर महानगरपालिकाको नाममा छुट्टै विविध खाता खोली रकम जम्मा गर्ने व्यवस्था मिलाउने र सो को प्रचारप्रसार गर्ने निर्णय गरियो । साथै स्रोत संकलनको अभियानलाई वडा हुँदै टोलसम्म पुर्याउनका लागि महानगरमा नगर प्रमुखज्यूको संयोजकत्वमा र वडातहमा वडाध्यक्षको संयोजकत्वमा सबै सरोकारवाला रहने गरी सहयोग संकलन समितिहरु गठन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ६

राजस्व संकलन तथा जानकारी प्रवाहका लागि खटाइएका राजस्व टोलीहरुले हालसम्म ८५ लाख संकलन गरेको र केही वडाहरुमा अवधि थप गर्न र केही वडामा टोली खटाउन आवश्यक देखिएको हुँदा वडाको साधन र जनशक्तिको उपलव्धता हेरी टोली परिचालन गर्ने निर्णय भयो ।

निर्णय नं. ७

वैदेशिक भ्रमणका लागि निमन्त्रणा प्राप्त देहायका कार्यक्रममा देहाय वमोजिम मनोनयन गर्ने निर्णय गरियो:

| सि. नं. | कार्यक्रमको नाम | अवधि र स्थान/देश | सहभागी गराइने पदाधिकारी एवं कर्मचारी |
|---|---|---|---|
| १ | GLOBAL HIGH-END MANUFACTURING SUMMIT (GHMS2019) & The Changsha International Construction Equipment Exhibition (CEICEE2019), | 13th - 16th May 2019 in Meixi Lake Hotel, Changsha City, Hunan Province, China | १.श्री रेनु दाहाल, नगर प्रमुख<br>२.श्री पार्वती शाह ठकुरी, नगर उपप्रमुख<br>३.श्री अर्जुन पाठक, नगर प्रमुखज्यूको विज्ञ सल्लाहकार<br>४.श्री कुलवहादुर जी. सी., सामान्य प्रशासन महाशाखा प्रमुख<br>५.श्री पूर्णवहादुर श्रेष्ठ, वडा अध्यक्ष (२)<br>६.श्री दामोदर न्यौपाने, वडा अध्यक्ष (८)<br>७.श्री ज्ञानप्रसाद खनाल, वडा अध्यक्ष (२६) |
| २ | 2019 Asia Urban Lighting Workshop | 25-28 June 2019, Seoul, Republic of Korea | १.वडाध्यक्ष चन्द्रमित्र पण्डित (३)<br>२.शाखा अधिकृत बाबुराम दवाडी |
| ३ | Tourism Platform Workshop | May 29th - June 1, 2019 CIFAL/Jeju, South Korea | १.श्री शम्भुबहादुर भण्डारी, वडा अध्यक्ष (१५)<br>२.श्री राजेन्द्रमणि काफ्ले, वडा अध्यक्ष (७) |

निर्णय नं. ८

२०७६ वैशाख ११ गते हुने दोश्रो चौमासिक समीक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम तथा वैशाख १३ र १४ गते आयोजना हुने क्षमता विकास तथा जीवन व्यवस्थापन कार्यशाला सम्वन्धमा वैठकलाई जानकारी गराइयो।

निर्णय नं. ९

चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२ धनगढा नजिक साविक भरतपुर ३/क कित्ता नं. १५० को ०-६-५ क्षेत्रफल भएको सार्वजनिक, सरकारी जग्गामा विगत लामो समयदेखि अन्य व्यक्तिहरुले अतिक्रमण गरी खेतिपातीका लागि प्रयोग गर्दै आएको पाइएको हुँदा महानगरपालिकावाट गठित सार्वजनिक जग्गा पहिचान तथा व्यवस्थापन एवम् कार्यान्वयन समिति र सम्वन्धित वडा कार्यालय, वडाका सवै टोल

Scanned by CamScanner

विकास संस्था र स्थानीय सरोकारवालाहरु समूह समेतको सक्रियतामा खोजी गरिएको उक्त जग्गा हाल महानगरको संरक्षकत्वमा ल्याई कम्पाउण्ड वाल गरी संरक्षण गर्दै आइएकोमा हाल १२ नं. वडा कार्यालय रहेको स्थान साँघुरो भएको र उक्त सार्वजनिक जग्गामा वडा कार्यालयको भवन निर्माण गर्नुपर्ने स्थानीय जनताको माग समेत रहेको हुँदा भौगोलिक दृष्टिले समेत उक्त स्थानमा वडा कार्यालय भवन वनाउँदा वडावासीलाई सहज हुने र सार्वजनिक जग्गालाई सार्वजनिक प्रयोजनका लागि उपयोग गर्ने वडाको माग अनुसार यसै आ. व. भित्र वडा कार्यालय भवन निर्माण कार्य सुरु गर्ने निर्णय गरियो ।

साथै वडा नं. १० को लागि समेत भवन निर्माणको लागि जिल्ला समन्वय समिति, चितवनवाट प्राप्त भएको हाल उक्त वडा कार्यालय सञ्चालन भइरहेको जमिनमा नयाँ कार्यालय भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: विविध निर्णयहरु

१. विद्यालय भर्ना अभियान सञ्चालन सम्बन्धमा आ– आफ्नो स्थानमा सक्रियतापूर्वक पहल गर्ने तथा शैक्षिक सत्र २०७६ लाई सिकाई उपलब्धी सुधार वर्षको रुपमा घोषणा गर्ने निर्णय गरियो । यसका साथै नगर शिक्षा समितिको मिति २०७५ चैत्र २८ गतेको निर्णय मध्ये वडा नं १४ मा नेपाल पुलिस स्कूल स्थापना गरी कक्षा १ देखि ५ सम्मको कक्षा सञ्चालन गर्ने र वडा नं ४ को नवज्योति आधारभूत विद्यालय स्थापना गरी कक्षा १ सञ्चालन अनुमति दिने निर्णय गरियो ।

२. सहयोगापेक्षी मानवरहित महानगर घोषणा गर्नका लागि सवै पक्षको सहयोग लिई आवश्यक तयारीका कामहरु अघि वढाउने निर्णय गरियो ।

३. भरतपुर महानगरपालिका तथा अन्य स्थानीय तहको सम्पर्क सूची तथा अन्य सूचनामूलक सामग्री समेटी टेलिफोन डाइरेक्ट्री प्रकाशनका लागि महानगरका प्रवक्ताको संयोजकत्वमा समिति गठन गर्ने र चालु आर्थिक वर्षभित्र सो कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

४. वडा नं १६ स्थित ज्ञानेश्वर देवशथल मन्दिर तथा ल्ह घोम याङ बौद्ध गुम्बा, भरतपुर ७, कृष्णपुरको शुल्क छुट सहित नक्सापास गरिदिने निर्णय गरियो ।

५. गत वर्षको कार्यक्रमहरु मध्ये केही आयोजनाहरु विविध कारणले सम्पन्न हुन वाँकी देखिदा उपयुक्त कारणसहित म्याद थप सहित कार्यसम्पन्न गर्न माग हुन आएको अवस्थामा २०७६ वैशाख मसान्तसम्म म्याद कायम गरी फरफारक गर्ने निर्णय गरियो ।

६. महानगरका सवारीसाधनहरुका लागि आवश्यक इन्धन हाल भर्दै आएको कैलाश आयलसँगको हिसाव मिलान गरी अव उप्रान्त वाइपासरोडमा स्थापना भएको सहकारीद्वारा संचालित साझा पेट्रोल पम्पवाट इन्धन भर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

Scanned by CamScanner